GS Spark: Journal of Applied Academic Discourse
Volume 01, Issue 01, 2023, Pg. No. 107-122
OPEN ACCESS

Review

# विकासको विवादास्पद भाष्य : एक दार्शनिक विवेचना

महेन्द्र सापकोटा
उप. प्रा., ग्रामीण विकास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, नेपाल

GS: SPARK: Journal of Applied Academic Discourse (ISSN: 3021-9329)
Copyright © 2023 The Author(s): Gaurishankar Multiple Campus, Bhimeshwor-3, Charikot, Dolakha, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## INFO

**Corresponding Author**
**Mahendra Sapkota**
Central Department of Rural Development,
Tribhuvan University,
Kirtipur, Kathmandu, Nepal

**E-mail**
sapkota.mahendra27@gmail.com

**Orcid**
https://orcid.org/0000-0001-7854-6554

**Date of Submission**
June 18, 2023

**Date of Acceptance**
July 25, 2023

## ABSTRACT (लेखसार)

प्रस्तुत लेखले विकासलाई एक विवादास्पद अवधारणा हो भन्ने तर्कलाई मानक मान्दछ। विश्वव्यापी रूपमा विकास एक विवादास्पद अवधारणा हो । विकास भन्नाले गुणात्मक र मात्रात्मक परिवर्तनको समग्रता हो जसले मानिसहरूको जीविकालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुधार ल्याउँछ वा त्यसमा कल्याणकारी विभेद गर्दछ। लेखले पुनरावलोकन अनुसन्धान विधिलाई आत्मसाथ गरेको छ, जहाँ समाज सत्यहरूको सापेक्ष प्रतिविम्ब हो भन्ने दार्शनिक आयाम राखिएको छ। वास्तवमा विकासको अर्थ र परिभाषा समयसँगै परिवर्तन भएका छन् र यसलाई विभिन्न आयामहरू, रणनीतिहरू र दृष्टिकोणको समुच्च रूप अर्थात Paradigm को रूपमा बुझ्नु वैज्ञानिक हुने देखिन्छ। यो शक्ति र ज्ञानबीचको टकराव वा विवाद हो जसलाई अंग्रेजीको (Discourse) वा नेपालीमा 'भाष्य' रूपमा पुनः प्रयोग गरिएको छ। विकासका अध्ययनमा खासगरी तीन किसिमको डिस्कोर्सहरू पाइन्छ। मूलप्रवाही विकास, वैकल्पिक विकास र उत्तरवर्ती विकास। सामान्यतया मूलप्रवाही विकासले आधुनिकीकरण सिद्धान्त–संरचनाको पैरवी गर्दै यसको उदारवादी/पुँजीवादी विधि र अभ्यासमा जोड दिने गर्दछ। वैकल्पिक विकासको अवधारणा मूलप्रवाही भन्दा केही प्रगतिशील, सुधारवादी/समाजवादी तथा आलोचनात्मक भएको विचार पद्धति हो भने उत्तर विकासले विकासको तथा–कथित सिद्धान्त र प्रयोगलाई नै आलोचनात्मक रूपमा हेर्दछ। यसप्रकार यस लेखमा विभिन्न धारणाहरूको चिरफार गर्दै विकासको आम बुझाइ र गराइ कसरी विरोधाभासपूर्ण बन्दै छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

**शब्दकुञ्जी (Keywords):** विकास, प्याराडाइम, डिस्कोर्स, भाष्य, मूलप्रवाही विकास, वैकल्पिक विकास, उत्तर विकास

**How to cite this article:** Sapkota, M., (2023). विकासको विवादास्पद भाष्य: एक दार्शनिक विवेचना. *GS Spark: Journal of Applied Academic Discourse.* 1(1), 107-122. https://doi.org/10.5281/zenodo.8378236

## परिचय

विकास के हो, के होइन ? हो भने कसरी हो र होइन भने किन होइन? अथवा विकास हो र होइनको बिचमा छ वा त्यो भन्दा बाहिर छ ? यो मानवीय चाहना, आवश्यकता, बाध्यता के हो ? यी द्विविधाहरू (Paradoxes) पश्चिमा पुनर्जागरण समयदेखिनै यसैमा घुमिरहेको छ जबकि यसलाई हजारौं वर्ष पहिले 'बर्हमंद स्व अस्तित्व' को रूपमा वेदमा उल्लेख गरिएको पाइन्छ । इतिहासवादले मान्दछ कि विकास सैद्धान्तिक/ वैचारिक विषयवस्तुमात्रै नभएर प्रयोगात्मक र बहुआयामिक अभ्यास पनि हो। यो आफैँमा विवादास्पद छ किनभने विकासको बुझाइमा एकरूपता पनि नभएको र परिभाषित गर्ने सन्दर्भमा यसको कुनै विश्वव्यापी सत्यता र मान्यता पनि छैन (Bernstein, 2010)। विकास भनेको फरक मानिसको लागि फरक चिज वा विषयबस्तु हो । यसलाई निरेपेक्ष भन्दा पनि सापेक्ष रूपले बुझ्नु बढी वैज्ञानिक हुन्छ। आधारभूत रूपमा विकास भन्नाले आयआर्जनमा बढोत्तरी हुनु, उत्पादनमा वृद्धि देखिनु, गरिबी तथा भोकमरीबाट छुटकारा पाउनु, शिक्षा, स्वास्थ्य लगायत विकासका पूर्वाधारहरूको उपलब्धता एवम् पहुँच हुनु र आम जनताको लागि प्रभावकारी प्रशासनिक सेवा सुविधाहरूको व्यवस्था हुनु हो। यसै सन्दर्भमा सेन (Sen, 2001) धेरै नै आलोचनात्मक देखिएका छन्। उनले भनेका छन् विकास वास्तवमा स्वतन्त्रताको पर्याय हो (Development as Freedom)। विकास हुनु भनेको भए/रहेको संरचनाहरूमा आउने क्रमिक सुधार हो। मानिसहरूको इच्छा, स्वतन्त्रता र तिनीहरूको कर्यक्षमतालाई बढवा दिन्छ न कि उत्पादनको बढोत्तरी मात्रै । यसलाई विकास अर्थशास्त्रमा क्षमता दृष्टिकोण (Capability Approach) भनिएको छ।

विश्व डिस्कोर्समा धेरै सवाल र परिवर्तित बिधि र अभ्यासहरू एकदमै विवादास्पद भएका छन् (Bebbington, 2010), र नेपाल पनि यसबाट अलग रहन सक्दैन (Manandhar, 2011; Sapkota, 2014; Sharma et al., 2014) । विकासको अर्थ सामान्यबाट जटिल, एकलबाट बहुल, धर्मबाट राजनीति, राजनीतिबाट अर्थनीति र अर्थनीतिबाट क्रमशः विज्ञान तथा प्रविधितिर परावर्तन हुँदैछ । यसबाट विकासको अर्थ र अभ्यास बहुआयामिक, विवादास्पद र बृहत बनेको छ । यद्यपि धेरैजसो दृष्टिकोणहरूले विकासलाई मानिसहरूको आधार भूत आवश्कताहरू पूरा हुनु, सेवा र स्रोतहरूमा पहुँच हुनु र मानवीय मान्यता र सम्मान हुनु वा गराउने प्रक्रियाको रूपमा प्रयोग गरेको भेटिन्छ। शाब्दिक रूपले हेर्ने हो भने यो बहुअर्थी छ, जस्तो कि वृद्धि, बढोत्तरी, सुधार, सामाजिक परिवर्तन, रूपान्तरण, सुख–शान्ति, भलाई आदि इत्यादि। आधुनिक युगमा विकासको डिस्कोर्स विनिर्माण गर्न राज्य वा सरकारहरू, राष्ट्रसंघीय निकायहरू, दाताहरू, बुद्धिजीवीहरू, गैसरकारी संस्थाहरू आदिले बढी भूमिका खेलेका हुन्छन्। यसरी तिनीहरूले निर्धारण गरेको परिभाषा सर्वजनीन हुनपुग्छ र त्यसलाई पाठयक्रममा राखेर प्रशस्ति गरिन्छ। यिनै मूलभूत विषयहरूलाई विश्लेषण र संश्लेषण गर्दै यो अनुसन्धानात्मम लेख तयार पारिएको छ।

## समस्या कथन र उद्देश्य

प्रस्तुत अध्ययन 'विकासको विवादास्पद भाष्यः एक दार्शनिक विवेचना' मूल समसयामा केन्द्रित रहेको छ। यस समस्यासँग सम्बन्धित शोध्यप्रश्नहरू यसप्रकार रहेका छन् :

क) विकास डिस्कोर्सको दार्शनिक अवस्था के – कस्तो छ ?

ख) विकासका सैद्धान्तिक र अर्थ राजनीतिक घटनाहरूलाई कसरी देखिाइएको छ ?

उपर्युक्त प्रश्नको समाधान खोज्नु नै यस आलेखको उद्देश्य रहेको छ । यसै उद्देश्यमा केन्द्रित भएर प्रस्तुत अनुसन्धान गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक सामग्रीहरूको सङ्कलन गरिएको छ । यस सन्दर्भमा प्राथमिक स्रोतको रूपमा अध्ययनको उद्देश्यलाई आधार मानि उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा विकासको विवादास्पद भाष्य सम्बन्धित धारणाहरूलाई नमुना छनोट गरेर सामग्री सङ्कलन गरिएको छ भने भाष्यसँग सम्बन्धित सैद्धान्तिक विचार, पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक सामग्रीको रूपमा उपयोग गरिएको छ। द्वितीयक स्रोतअन्तर्गत पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, शोधप्रबन्ध, शोधपत्र र इन्टरनेटबाट विषयवस्तुहरू समावेश गरिएको छ । यो अधययन ऐतिहासिक तथा विश्लेषणात्मक विधिमा आधारित छ । यसमा वर्णनात्मक तथा व्याख्यात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ।

## साहित्यको विमर्श र विश्लेषण

### विकासको भाष्य

शाब्दिक रूपमा डिस्कोर्स (Discourse) भन्नाले कुनै विषय वा घटनामा अर्थ उत्पादन हुने, व्याख्या हुने वा

त्यसलाई विश्लेषण गर्ने विधि वा सिद्धान्तलाई बुझिन्छ। यो भाषामा निहित घटना विज्ञान र ज्ञान परिचर्चा हो। वैदिक र वेदान्त साहित्यहरूमा यो 'भाष्य' का रूपमा प्रचलित थियो भने पुनर्जागरणको दर्शनमा घटनाको प्रतिनिधित्वको रूपलाई उल्लेख गर्न एवम् भाषाको प्रत्यय/अन्तर्य र सर्गहरूको विवरण गराउने शब्दका रूपमा डिस्कोर्सलाई प्रयोग गरिन्थ्यो। सन् १९७० पछिका दशकहरूमा यसको प्रयोग विशेष क्षेत्र वा घटनाको सांस्कृतिक र ऐतिहासिक अर्थ दिने काममा गरिन थाल्यो। अन्ततः एक अनुसन्धान विधिकै रूपमा स्थापित भयो। खासगरी विद्वान दार्शनिक मिसेल फुको (1926-1984) ले डिस्कोर्स शब्दलाई पहिलो पटक आफ्नो नयाँ सन्दर्भ र विधि मार्फत आफ्नो लेखमा प्रयोग गरेका थिए। उनले डिस्कोर्सलाई अर्थहरूको खेलका रूपमा जोडदार तर्क गरेका छन्। अनि यो अर्थ शक्तिको आधारमा उत्पन्न हुने, व्याख्या हुने र लोप हुने पनि गर्दछ। तसर्थ शक्तिशालीहरूले प्रभुत्वको रजगज गर्ने आधारभूत कारण उनीहरूको डिस्कोर्स नै शक्तिशाली हुनु हो। जसका आधारमा समाजमा भाषा, संस्कृति, अर्थतन्त्र र जीविका बन्ने गर्दछन्। फुकोले आफ्नो प्रसिद्ध कृतिहरू (The Order of Discourse;, 1971; The Archaeology of Knowledge, 1972) मा यसबारे विशेष चर्चा गरेका छन्।

वास्तवमा समाज र राज्यमा शक्तिको अस्तित्व जुन प्रकारले संरचित हुन्छ, त्यसरी नै डिस्कोर्स बन्दछ, अनि जस्तो र जसको डिस्कोर्स बन्दछ त्यस्तै सत्ताको स्थापना पनि हुन्छ। जस्तो सत्ता हुन्छ, त्यस्तै विकास र अविकासको अस्तित्व पनि निर्माण हुने गर्दछ। मिसेल फुकोको कामले कुनै पनि संस्था र ती सस्थाहरूले समाजमा सत्यता स्थापना गर्न अपनाएका उपायहरूलाई बिश्लेषण गर्न यी डिस्कोर्स सँग–सँगै Discursive Practices / Discursive Formation जस्ता अन्य शब्दहरू मानक बन्न पुगे। समाजमा डिस्कोर्स बन्ने र भत्किने परिघटनाको केन्द्रीय इकाई भनेको नै शक्ति हो। यही शक्तिले राजनीतिलाई अतिक्रमण गर्दछ र सामाजिक मूल्य–मान्यतालाई निर्धारण गर्दछ। विकासको मूल्य निर्धारण त्यसकारण शक्ति–प्रधान हुने गर्दछ जसले ज्ञान र अभ्यासलाई निर्देश गर्दछ। हामीलाई लाग्दछ कि शासक व्यक्ति वा सरकार हो, तर वास्तवमा शक्ति नै निर्णायक हो जसको पछाडि शासितहरू नतमस्तक भएर स्थापित सत्तालाई स्वीकार गर्दछन्। राजनीतिक, आर्थिक, सामाजिक, मनोवैज्ञानिक, नैतिक आदि शक्तिका बहुविविध आयामहरू हुनसक्छन् तर राजनीतिक र आर्थिक शक्तिहरू नै प्रभुत्वशाली रहेको देखिन्छ। डिस्कोर्सको रूपमा विकासले ज्ञानको कारक एजेन्टको लागि वैधानिकता गठन गर्दै पहिले नै वैधता पाएका स्थापित धारणा र सिद्धान्तहरू विस्तार गर्नका लागि नियम सुनिश्चित गर्दछ। त्यसैकारण यो शक्ति र ज्ञानको अभिव्यक्ति हो। सायद यसै सन्दर्भमा (Geiser, 2014) ले भनेका छन् –डिस्कोर्सहरू शब्दहरूको जालो मात्र नभई सामाजिक अन्तर्क्रियाका प्रामाणिक र रणनीतिक प्रतियोगी हुन, जो कि त शक्तिशाली छन् कि शक्तिका सम्भावित बाहक हुन (पृ.४)।

दर्शनको रूपमा डिस्कोर्स कुनै नौलो वस्तु वा चिज होइन। यद्यपि शास्त्रीय शब्दहरूमा यसलाई जीवन वा समाजका मूल्य–मान्यता, इश्वरीयता वा नश्वरीयतासँगै परिकल्पना गरिएको छ। 'वादे वादे जायते तत्वबोध' भनिएको यसै कारणले हो। किनकि विचार विमर्श र चिन्तनबाट नै ज्ञानको सिर्जना हुने गर्दछ। तत्वशास्त्र (Metaphysics) को रूपमा पूर्वीय विकासको डिस्कोर्स अत्यन्तै विस्तृत छ भने पश्चिमा विकासको डिस्कोर्स ज्ञानशास्त्र (Epistemology) को धेरै नजिक छ। सत्यता बनाउनु वा गठन गर्नु सत्यताको प्रकृति भन्दा धेरै महत्वपूर्ण छ। वास्तविक शंकास्पद के हो? यसले पनि विकासको सोचाइमा घण्टी बजाउने काम गर्छ। तालिका १ मा प्रस्तुत गरेजस्तै पूर्वीय विकासमा भलाई र आदर्शलाई उच्च तवरले मुखरित गरिन्छ भने उन्नति र व्यक्तिगत सन्तुष्टिलाई पश्चिमा विकासको सोचाइमा मुख्य मुद्दाहरू मानिन्छन्। यद्यपि भौतिकवादी प्रयोग, औपचारिक ज्ञानको सिर्जना र विकासका सूचकाङ्कहरू पश्चिमा दर्शनमा केन्द्रित छन्। ज्ञान, प्रज्ञा र विवेक सँग–सँगै पूर्वीय दर्शनले जीवनको मूल्यका रूपमा शान्ति र सद्भावमा जोड दिन्छ जुन आधुनिक विकास डिस्कोर्सको मूल विषय भएको छ। उदाहरणका लागि हामी उपनिषदका शान्ति मन्त्रहरूलाई पनि लिन सक्दछौँ। जहाँ सुख र भयविहीनताको कुरा गरिएको छ :

ॐ सर्वे भवन्तु सुखिनःसर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःखभाग्भवेत।
ॐ शान्तिः शान्तिः शान्ति॥

अर्कातिर बौद्ध दर्शनमा प्रयोग गरिने 'भवतु सब्ब मङगलम शुभाशिष' मन्त्रको अर्थ विश्वजनीन छ। गीतामा व्याख्या गरिएको कर्म सिद्धान्त एवम् बौद्धहरूको चतुरार्य सत्य र प्रत्युत समुत्पाद जस्ता सिद्धान्तहरूबाट विकास निरपेक्ष कुरा होइन बरू यो हुनु र नहुनुमा निश्चित कारण र परिणामहरू रहेका छन् भन्ने कुरामा थप व्याख्या गर्न सकिन्छ (Sapkota, 2024)।

**तालिका १ : विकास डिस्कोर्सको दार्शनिक अवस्था**

| पूर्वीय विकासका सोचाई | पश्चिमा विकासका सोचाई |
|---|---|
| भलाई केन्द्रित | वृद्धि र विकासमा केन्द्रित |
| विकासको सर्वव्यापी मूल्य | विकासका व्यक्तिगत मूल्य |
| अध्यात्मिक पहिचान, ब्रहमाण्डका मूल्य मान्यता, र ज्ञान | ज्ञान सिर्जना र भौतिक आवश्कताको पूर्तिमा केन्द्रित |
| अन्तरसम्बन्धित वा एक्लै | पूर्णबाट अलग भाग |
| सदभाव र एकीकृत भातृत्व | नियन्त्रित वास्तविकता र भातृत्व |
| विकास मानव मुक्तिको साधन | अर्थ–राजनीतिक साधन |

Paradigm र Discourse प्रयोगात्मक रूपमा उस्तै उस्तै देखिएता पनि सैद्धान्तिक रूपमा भिन्न हुन्। प्रतिमान (Paradigm) शब्द मूल ग्रीक हो, जसको अर्थ 'ढाँचा' हो। यो समान घटनाहरू चित्रण गर्ने सैद्धान्तिक अवधारणाको रूपमा प्रयोग गरिन्छ। दर्शन र विज्ञानमा यसको प्रयोग सन् साठीको दशक पछि व्यापक भयो जतिबेला प्रसिद्ध लेखक Thomas Kuhn (1922-1996) ले सन् १९६२ मा लेखेको पुस्तक The Structure of Scientific Revolutions ले हलचल ल्याईदिएको थियो । उनको Paradigm Shift भन्ने सिद्धान्तले समाज, सभ्यता र इतिहास कुनै राजनीतिक क्रान्तिले भन्दा पनि विज्ञान र प्रविधिमा आएको बदलावको कारणले परिवर्तन हुने कुरा प्रस्तुत गरेको छ। अहिले प्रचलित विज्ञान Normal Science ले सधैँ काम गर्न सक्दैन, त्यसमा सङ्कट आउँछ (Anomalies and Crisis) र अन्ततः क्रान्ति भई नयाँ Paradigm बन्दछ। पृथ्वी–केन्द्रित सिद्धान्त (Geocentric) बाट सूर्य–केन्द्रित सिद्धान्त (Heliocentric), वाष्प मेसिनबाट कम्बसनमेसिन् सिद्धान्त र त्यसबाट पनि विद्धुतीय मेसिन् र अहिलेको न्यूक्लियर मेसिनमा (Vapor engine to combustion engine and from electric engine to nuclear engine) आएको रूपान्तरण यसका केही उदाहरणहरू हुन्।

विकासमा पनि यही कुरा लागू हुन्छ किनकि समाज परिवर्तनशील छ भने यसको विज्ञान पनि परिवर्तशील छ। यस प्रकार कुनै कालखण्डमा काम गरेका विकासका सिद्धान्त वा अभ्यासहरू अर्को कालखण्डमा असान्दर्भिक हुन पुग्छन। Social Science र Pure Science मा शुद्धतावाद र निरेपेक्षता कम हुने गर्दछ, यद्यपि अल्बर्ट आइन्स्टाइनले सन् १९०५ मा एक लेखमार्फत विज्ञानमा निरपेक्ष सत्यको मृत्यु भएको घोषणा गरेका थिए। जस्तो कि हामीले हेर्न सक्दछौं– शास्त्रीय अर्थशास्त्रबाट नवशास्त्रीय अर्थशास्त्र, आधुनिकीकरणबाट परनिर्भरतावाद, उदारवादबाट नवउदारवाद र मार्क्सवादबाट उत्तर–मार्क्सवाद, आदि। तर यस्ता Shift हरू पूर्णरूपमा हुन्छन् वा आंशिक रूपमा मात्रै बदलिन्छन् भन्ने कुरामा विवाद छ। किनकि कतिपय सिद्धान्तहरू सयौँ वा हजारौँ वर्ष पछि पनि केही न केही रूपमा प्रभावकारी नै रहेको पाइन्छ। अर्कोतिर Paradigm Shift को निर्धारणवादी सिद्धान्तले समाज विज्ञानको सुन्दरतालाई तहसनहस पारेर कृतिम क्रान्तिकारिता ल्याएको भनी कतिपय आलोचकहरूको तर्क रहेको छ।

डिस्कोर्स वा भाष्य अवधारणा परिवर्तनको मूल कारण के हो भन्ने कुरामा बढी केन्द्रित छ। यसअनुसार विज्ञान र प्रविधि भन्दा पनि सामाजिक, सांस्कृतिक र राजनीतिक रूपले समाजले निर्माण गर्ने शक्ति नै परिवर्तनको निर्णायक कारक तत्व हो। यस दृष्टिकोणबाट हेर्दा विकास र शक्ति अभिन्न अङग हुन् अर्थात तिनीहरूलाई अलग गरेर हेर्न सकिदैन। एकप्रकारले भन्ने हो भने विकासको डिस्कोर्सले निम्न मान्यताहरू राख्दछ :

१) विकासको तत्वज्ञान न त पूर्णरूपले सकारात्मक छ, न त नकारात्मक नै छ। यसको प्रस्थान विन्दु र अन्तिम बिन्दु दुबै अपरिभाषित छन् (Metaphysics)।

२) विकास न त एक सत्व हो, न त बहुसत्य वा कुनै बहुभ्रम, यो त बरू बहुरूपी प्रकटीकरण हो (Ontology)।

३) विकास र अविकास द्वन्द्वात्मक छन, यिनको निषेधात्मक अस्तित्व छैन। जस्तो कि– विकास दृश्य–अदृश्य, प्राप्य–अप्राप्य, एकता–द्वन्द्व, भौतिक–अभौतिक, साधन–साध्य, आदि सन्दर्भअनुसार गौण र प्रभावकारी हुन्छन् (Dialectical)।

४) विकास केवल मानव समाजसँग मात्र सम्बन्धित छैन र केवल पृथ्वीमा मात्र पनि सिमित छैन (Scope)।

५) विकासका हुनु र नहुनुका कारणहरू छन्, ति सबै अनित्य छन् र तिनलाई बदल्न सकिन्छ। तिनको मार्ग सत्य पनि छ (बौद्ध दर्शन)।

६) विकासको ज्ञेय र अज्ञेय के छ, किन छ? यसलाई कसरी जान्ने? बुझ्ने विधि के हो ? (Epistemology and Methodology)।

७) समय र परिस्थितिअनुसार विकास गतिशील छ । गतिशीलताका कारणले विकासका हरेक घटना र प्रक्रियाका रूपमा घटित हुन्छन् (Process Outcome)।

८. समाज र सन्दर्भ अनुसार विकासका आफ्नै मूल्य मान्यता र दर्शनहरू हुन्छन् समाज बदलिने कारणले ती मूल्य मान्यताहरू पनि बदलिन्छन् (Axiology and Paradigm Shift)।

**विकास बहसको इतिहास**

ज्ञान र मीमांसाको आफ्नै विमर्श हुने गर्दछ । पश्चिमतिर अक्सफोर्ड विश्वविधालय (1996), क्याम्ब्रिज विश्वविद्यालय (1209) र पेरिस विश्वविद्यालय (1150) को आफ्नै शास्त्रीय महिमा छ, जो अद्यावधिक छन् र संसारभरिका ज्ञानका स्रोतको एक प्रतिनिधित्व गर्दछन। अर्कातिर पूर्वीय भारतीय उपमहाद्वीपमा खुलेका तर इतिहासमा निरन्तरता पाउन नसकेका पश्चिमी संसारका भन्दा पनि अझै पुराना विश्वविधालयहरू जस्तै :तक्षशीला (इपू पाँचौं शताब्दी), नालन्दा (पाँचौं शताब्दी/ वि.स. ४५० तिर), बिक्रमशीला (आठौँ/ नवौ शताब्दी) को ज्ञान–चर्या दुखान्त र वियोगान्त छ। विकास, सभ्यता, मानव मुक्ति, राजनीति यी विविध कुराहरू ज्ञानकै उपज हुन । यी विश्वविद्यालय प्राज्ञिक थलोको आवादी वा समाजको प्रश्न गर्ने क्षमता आदिमा निर्भर गर्ने कुरा पनि रहेछ।

विकास डिस्कोर्सको उत्पत्ति हुनुमा आधुनिकीकरण र उत्तर–संरचनावादले महत्त्वपूर्ण भूमिका खेलेका छन् । वैचारिक रूपमा पहिल्यै स्थापित सिद्धान्तहरू (जस्तै– आधुनिकीकरण, संरचनाबाद, द्वन्द्ववाद र प्रकार्यवाद) एवम् प्रायोगिक रूपले उपनिवेशबाट स्वतन्त्र भएका मूलुकहरूको नयाँ सिर्जित मुद्दा र समस्याहरूलाई विश्लेषण गर्न विकासमा निरन्तर प्रश्नहरू तेर्सिंदै गए। त्यसलाई सम्बोधन गर्न नसकेपछि Orientalism र Post Developmentalism हुँदै डिस्कोर्सको अवधारणा अगाडि आएको हो। वास्तवमा यो सङ्कटको चिच्याहट थियो, विकासका नाममा नयाँ शासकहरूको जन्म दियो र अविकासको पुनरावृति मात्रै गऱ्यो । केही वर्ष यता विकास अध्ययनमा डिस्कोर्स विश्लेषण एउटा भाषा विज्ञानको पद्धतिको रूपमा मात्रै नभई वैचारिक बहस, शक्ति निरूपण र राजनैतिक अभिव्यक्तिको रूपमा पनि प्रयोग भएको छ । डिस्कोर्सले विकासका वर्तमान प्रवृतिमाथि एउटा आँखीझ्याल प्रदान गर्छ । आलोचनात्मक डिस्कोर्सले सत्तालाई हुबहु स्वीकार गर्दैन र विकास शक्तिशालीहरूको एक खेल मात्र हो भन्ने तर्क गर्दछ। विकास र सम्वृद्धि एक मीठो पहेली हो र ताजुवपूर्ण खुस्बु जसको घोडामा शासक सवार छ र त्यसको पीडा गरिवहरूले हासी–खुसी मानिरहेका छन—कतै–कतै क्रान्तिको सलामी त कतै बलिदानी इतिहास बनेर । अर्कातिर यसैगरी विकासको अराजकतावादी डिस्कोर्सले स्थापित सत्तालाई पूर्णतः अस्वीकार र निषेध गर्दछ। जसरी सत्ता शोषणमूलक छ। त्यसरी नै यसको विकास, शासन् लगायत अन्य प्रपञ्चहरू पनि शोषणमूलक छन्। अन्ततः यसले हिंसा र विभेदलाई नै संस्थागत गर्न पुग्दछ।

शास्त्रीय राजनैतिक अर्थशास्त्रीहरू रिकार्डो, मार्क्स देखि आधुनिक विकासका चिन्तकहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक वृद्धिलाई नै विकासको नाममा सम्बोधन गरेको पाइन्छ तर त्यसमा नियन्त्रण र अपनत्व कसको हुन्छ भन्ने प्रश्न नै बढी विवादित देखिन्छ। पिटर्स (2010) का अनुसार सुरूवाती विकासका अभ्यासहरूलाई केवल आर्थिक वृद्धि र नाफामूलक उत्पादनका रूपमा बुझ्नु बढी सान्दर्भिक हुन्छ। क्रमशः स्रोत र साधनहरूको प्रयोग र वितरणमा अन्तरघुलित हुँदै जान्छ। यो बिल्कुल पराश्रित थियो र अन्ततः जानी–बुझी पुँजीवादको कठपुतली बन्न पुग्यो। शास्त्रीय राजनैतिक अर्थतन्त्रदेखि २१औँ शताब्दीसम्म विकासको अर्थ परिवर्तन भइरहेको छ। वास्तवमा उपनिवेशिक अर्थशास्त्र, आधुनिक विकास अर्थशास्त्रको सुरूवाती प्रयास थियो र उत्तर–उपनिवेशिक अध्ययनहरू वर्तमान विकासका डिस्कोर्सको प्रक्रियाहरूले

निर्देशित भएका छन् । एकातिर उदारवादी र सुधारवादी खेमाका विद्वावानहरू पुँजी बजार र राज्यको केन्द्रीय प्रश्नमा जति विभाजित छन् त्यति नै सामाजिक न्यायको प्रश्नमा व्यावहारिक रूपले उनीहरू आत्मसाथ गर्न सकेको देखिन्न। अर्कातिर मार्क्सवादी र नव मार्क्सवादीहरू आफ्नै अलमलमा छन् र उनीहरू विकासको वर्गीय व्याख्यामा एकमत छैनन् । यसै सन्दर्भमा केही वर्षयता विकासलाई Hegemony र Superior Complex को रूपमा प्रतिप्रश्न र चुनौती दिइएको पाइन्छ, जहाँ मार्कसवादी र गैर–मार्कसवादी दुबैको सम्मिश्रण भएर एक अन्तरकृयावादी (Interactionism) समाजशास्त्रीय विचारधाराको बहस पनि बलियो हुँदै गएको देखिन्छ । यसले विकासको डिस्कोर्स वा भाष्यलाई एकैपटक थप रहस्यमयी, जादुयी, कलात्मक, निर्दयी, सृजनशील एवम् रोमाञ्चित बनाएको छ । विषयगत र वस्तुगत सत्यहरूको दोसाँधमा उभिएर विकासको सङ्कथन एक महाविस्फोटनको तयारीमा छ।

शास्त्रीय राजनैतिक अर्थतन्त्रको समयदेखि नै विकासको बारेमा वादविवाद देखिएको छ । यद्यपि विकासको तातो बहस दोस्रो विश्वयुद्ध (1939-1945) को अन्त्यसँगै सुरूभयो । प्रथमतः यो राजनीतिक–वैचारिक थियो र सुरूमा यो दुई ध्रुवीय पनि थियो: प्रजातान्त्रिक मूल्य मान्यता अथवा साम्यवादी मूल्य मान्यता, जसको नेतृत्व क्रमशः संयुक्त राज्य अमेरिका र तत्कालीन सोभियत संघले गरेका थिए। दोस्रो, यो विकासशील र विकसित राज्यका आ–आफ्ना हितहरूको टकरावसँगै जेलिन पुग्यो जहाँ प्रजातान्त्रिक र साम्यवादी दुबै शक्ति–केन्द्रको चासो थियो। यसको पृष्ठभूमि अमेरिकी रास्ट्रपति Harry Truman को भाषणमा भेटिन्छ (January 20, 1949) । यसले विकासको अविछिन्नताको अवधारण सिर्जना गर्यो र पुँजीवादी विचारको आधुनिकीकरण परियोजनलाई जन्म दियो। खासगरी सन् १९५० को दशकमा विकासका चिन्तन आर्थिक विकासका मूल्य मान्यताका रूपमा देखापरेको पाइन्छ । जस्तैः वृद्धिको सिद्धान्त (Growth Theory) र ठूलो धक्काको सिद्धान्त (Big Push Theory) सबैले आर्थिक वृद्धिलाई नै विकासको एकमात्र र अनिवार्य सर्तको रूपमा मान्दै आएका छन् । वैचारिक रूपमा त्यो समयमा विकास भनेको आधुनिकीकरण नै हो भनेर बुझिएको थियो।

सन् १९६० को दशकमा त्यस किसिमको विकासकोधारणा (आधुनिकीकरण) एकदमै आलोचित बन्यो र त्यसलाई पश्चिमी साम्राज्यवादको प्रभुत्व संयन्त्रको निर्माणको रूपमा आलोचना पनि गरियो । यो दशकमा परनिर्भरताको सिद्धान्त एकदमै चर्चाको विषय बन्यो । यद्यपि, विडम्बना मान्नु पर्छ कि यो आधुनिकीकरणको विकल्पको रूपमा विकास हुन सकेन । मानव नै विकासका दुवै साधन र साध्य हुन भन्ने मान्यता राख्दै पछि वैकल्पिक विकासको चिन्तन उत्पत्ति भयो र मानिसका क्रियाकलापलाई विकासको केन्द्रमा राख्यो । सामाजिक विकास, ग्रामीण विकास र सामुदायिक विकासलाई जोड दिँदै वैकल्पिक विकासले विकासको बुझाइमा नयाँ आयामहरू थप्यो। त्यसैगरी उत्तर विकासका दृष्टिकोणले विकासका विभिन्न उपलब्धिहरूमा धेरै नै आलोचना गरेको छ। उत्तर विकासको अवधारणाले आफ्नो विचारलाई कम मात्रमा सैद्धान्तीकरण गरेता पनि यसलाई विकासको विरोधी, सुन्यतावादी, अराजकतावादी र निराशावादी ज्ञानशास्त्रको अवस्थाको रूपमा प्रतिप्रश्नहरू गरिएको पाइन्छ । सन् १९९० को दशक पुँजीवादी वैचारिक चिन्तन र साम्यवादी वैचारिक चिन्तनको टकराबको रूपमा रह्यो र पछि युरोपमा सोभियत ब्लक धरासायी हुँदै यो निकम्मा बन्यो । यसले विश्वलाई एक–धुर्बीय र भूमण्डलीकृत बनाइदियो, जसको नेतृत्व संयुक्त राज्य अमेरिकाले आजसम्म गरिरहेको छ। तालिका २ ले संक्षिप्त रूपमा विकास–डिस्कोर्सका समय अनुसारका सैद्धान्तिक आयामहरू, रणनीतिहरू र मान्यताहरूलाई प्रस्तुत गर्दछ।

**तालिका २: विकासका सैद्धान्तिक र अर्थ–राजनीतिक घटनाहरू**

| दशक | सैद्धान्तिक आयामहरू | घटना र प्रवृत्तिहरू |
|---|---|---|
| १४–१७ औँ शताब्दी | पुनर्जागरण (रेनेसा) | कला, साहित्य, ज्ञान, विज्ञान, धर्म, दर्शन आदिमा जुन अभूतपूर्व प्रगति हासिल (केप्लर, ग्यालिलियो, न्युटन आदि वैज्ञानिकहरूको उदय र पृथ्वी केन्द्रित सिद्धान्तको विस्थापन हुँदै सूर्यकेन्द्रित सिद्धान्तको उदय) |
| १७–१८ औँ शताब्दी | चेतनाको युग/ कारणको युग | बौद्धिक र दार्शनिक आन्दोलन, विज्ञान र प्रविधिमा कायापलट, बेलायतको औद्योगिक क्रान्ति (१७६०–१८४०), फ्रान्सेली राज्य क्रान्ति (१९८९–१७९९) |
| | शास्त्रीय राजनैतिक अर्थशास्त्र | स्रोत व्यवस्थापन, बजार र औद्योगिकीकरणको लागि राज्यको न्यूनतम सहजीकरण |
| | औपनिवेशिक अर्थशास्त्र | साम्राज्यवाद र उपनिवेशवादको विस्तार |
| १८४८–१९२४ | मार्कसवादी अर्थशास्त्र | इतिहासको भौतिकवादी व्याख्या, विकासको द्वन्द्ववाद, रूसी क्रान्ति (१९७७) |
| १९१५–१९४० | विकास अर्थशास्त्र | प्रथम विश्वयुद्ध (१९१४–१९१८), आर्थिक वृद्धि र औद्योगिकीकरण, विकास र अर्थशास्त्रको अभिन्नता, आर्थिक मन्दी (१९२९–१९३९), किन्सीयन अर्थशास्त्रको उदय |
| १९०५–१९४५ | विज्ञानवाद–१ | अल्बर्ट आइन्स्टाइन (१८७९–१९५५) को सापेक्षवाद, शक्ति र पिण्डको प्राप्ति र संरक्षणको सिद्धान्त |
| १९४० को दशक | युद्ध र संक्रमण | द्वीतीय विश्वयुद्ध (१९३९–१९४६), मार्शल प्लान (१९४८)), युएनको उदय (१९४५), ब्रेटेंन उडस संस्था (WB, IMF) को गठन (१९४४), हेनरी ट्रुम्यान डक्ट्रिन (१९४७), चिनियाँ जनवादी क्रान्ति (१९४९) |
| १९५० को दशक | आधुनिकीकरणको सिद्धान्त | आर्थिक वृद्धि, सामाजिक र राजनैतिक आधुनिकीकरण, प्रविधि हस्तान्तरण, पश्चिमा दिग्विजय, उत्तर–औपनिवेशिक कालको उदय |
| १९६०–७० | परनिर्भरताको सिद्धान्त | परनिर्भर विकाश, अविकासको विकास, युएन विकास प्रथम दशक (१९६०) र द्वीतीय दशक (१९७०), नव– किन्सीयन अर्थशास्त्रको उदय, उर्जा संकट र वातावरणीय असन्तुलन |
| १९८० को दशक | नव उदारवाद | आर्थिक वृद्धि, संरचनागत रूपान्तरण, उदारीकरण र निजीकरणन्न शीत युद्धको चरमोत्कर्ष, युएन विकास तृतीय दशक (१९८०) |
| | दिगो विकास | पर्यावरण, समाज र अर्थतन्त्रको समन्वयन्न न्यायोचित वितरण र भविष्यको पुस्ताको विकास सम्बन्धी चासो सम्बोधन |
| | विज्ञानवाद–२ | स्टेफन हकिंग (१९४२–२०१८) को विज्ञान दर्शन, स्पेस–थ्योरी र क्वान्टम थ्योरीको युग |
| १९९० को दशक | मानव विकास | मानव विकासको उदय, राम्रो र सुन्दर, मौलिक/ जनजातीय ज्ञान/ सिप र विकास |
| | वैकल्पिक विकास | राम्रो र सुन्दर, मौलिक र स्थानीय जनजातीय ज्ञान, सिप र विकास, बहुलताको सिद्धान्त |
| | उत्तर विकास | त्रि–धुर्वीय विश्वको आलोचना, अराजकता र बहुलता, विकासमा प्रति प्रश्न |
| २०००–२०१५ | सहृशताब्दी विकास लक्ष्य | संरचनागत परिवर्तन, गरिबी न्यूनीकरण, पर्यावरणीय दीगोपन लैंगिक समानता, शिशु/ मातृ स्वास्थ्य र विश्वव्यापी साझेदारी, प्राकृतिक प्रकोप नियन्त्रण, आर्थिक मन्दी (२००७–२००८), अरब स्प्रिङ (२०१०–२०१२) |
| २०१५ देखि हालसम्म | दीगो विकासका लक्ष्य, पेन्डेमिक डिस्कोर्स | विकास लक्ष्यहरूलाई पुरा गर्दै विकासमा दिगोपन, जन–स्वास्थ्यन्न वातावरणीय सन्तुलन, सामाजिक आन्दोलन |

सन् २००० देखि एकल धुर्वीय विश्वलाई नेतृत्व गरेको संयुक्त राज्य अमेरिकाको (केही युरोपियन राष्ट्रहरू र बहुराष्ट्रिय कम्पनीहरू समेत) आर्थिक–राजनीतिक कार्यसूची नै पुँजीवादी ब्लकको आम कार्यसूची थियो र यो हालसम्म कायम छ । यसबाट ग्लोबल पावर हस्तान्तरणसँगै मूलप्रवाही विकास डिस्कोर्स औपचारिक बन्यो । त्यसपछि विकासका धेरै दृष्टिकोणहरू मूलप्रवाही विकासमा समाहित हुन पुगे । पुँजीवादी विकासको रूपमा गरिबी न्यूनीकरण, मानव विकास, दिगो विकास, लोकतन्त्र, बहुलवाद र मानव आदिलाई लिइयो/लिन लगाइयो । जस्तोकि ठूलो तामझामका साथ पुँजीवादको तावेदारी गर्दै संयुक्त राष्ट्रसंघका नाममा २०००–२०१५ को अवधिलाई सह्रशताब्दी विकास लक्ष्य अवधि घोषित गरियो र ८ वटा सहयोग केन्द्रित लक्ष्यहरू सिर्जना गरियो। मुख्यतः ती लक्ष्यहरूले गरिबी, भोकमरी र अशिक्षालाई नै सम्बोधन गरेका थिए । हालसालै ती सह्रशताब्दी विकास लक्ष्यलाई सन् २०१६ – २०३० सम्म प्राप्त गर्न १७ वटा अन्तरसम्बन्धित लक्ष्यहरू निर्धारण गरेर दिगो विकास लक्ष्यहरू (SDGs) द्वारा प्रतिस्थापन गरिएको छ। तालिका ३ मा देखाए जस्तै सह्रशताब्दी विकास लक्ष्यहरू र दिगो विकास लक्ष्यहरू धेरै नै बृहत र बहुआयामिक देखिन्छन् जसले अन्ततः विकासको लागि अन्तराष्ट्रिय सहकार्यको लागि नै वकालत गरेका छन्। यसका बाबजुत तिनीहरूले विकासशील देशका धेरै मुद्धाहरूलाई खासै प्रतिनिधित्व गरेको देखिँदैन् । जसबाट तिनीहरू विकसित देशहरूबाट केवल निर्देशित र पर–निर्भर रूपमा पनि देखिन्छन्।

दिगो विकासको तथाकथित लक्ष्य अर्थात सन् २०३० पछि विश्वको विकास सङ्कथन कता जाने हो भन्ने प्रश्न अनुत्तरित नै छ । कथित अनुसन्धानका नाममा त्यसलाई धोबिहरूले धोई–पखाली गरेर पवन–पवित्र बनाई दिन्छन्। विकासको चमत्कारिक उपलब्धि भनेर कतै कतै खुशियाली र दिपावली चल्दछ। शासक, प्रशासक र इलाइटहरूलाई विकासको यो रोमान्टिसिजम धेरै नै प्रीतिकर हुनपुग्छ । यतिबेला एक सर्वसाधारण मानिस अथवा कुनै महिला र गरीब किसानहरूले कि त त्यसमा ताली पिट्न पुग्दछन् कि त्यसबारे कुनै छनक पाउन सक्दैनन्। Guha / Spivak (२००४) ले भने झैं अ/विकासले थोपरेका, किचेका र इतिहासको पिँधमा पुगेका ती मानिसहरू वास्तविक Subaltern बन्न पुग्दछ र तिनको लागि विकास एक रहस्यमय थिम बन्न पुग्दछ।

## विकासमा डिस्कोर्सका आयामहरू

समयको अन्तरालमा विकासका प्याराडाइम अर्थात यसका सिद्धान्त र अभ्यासहरूमा परिवर्तन भएका छन् । त्यस किसिमका प्याराडिस्महरूमा निश्चित प्रकारको सङ्कट आइसकेपछि बदलाव आउनु स्वाभाविक हो जसले ज्ञानको सिर्जना गर्न र डिस्कोर्स बनाउन वा भत्काउनका लागि भूमिका खेल्दछन्। राजनीतिक परिवर्तन, सामाजिक आन्दोलन, राज्यको चरित्रमा बदलाव, बजारीकरण, समकालीन साहित्य, सूचना प्रणाली, गैर–सरकारी, गैर–राज्य संयन्त्रको विकास र विश्वव्यापीकरण आदि विभिन्न कारणहरूले विकासको डिस्कोर्स विश्लेषणमा विभिन्न आयामहरू सिर्जना गर्नमा महत्वपूर्ण भूमिका खेलेका छन्। ती डिस्कोर्स र तिनीहरूका विकासे सिद्धान्तहरूलाई छोटकरीमा तपसिल बमोजिम व्याख्या गरिएको छ।

### मूलप्रवाही

मूलप्रवाही विकास डिस्कोर्स मूलतः अमेरिकन विचारधारा र युरोपियन मूल्य मान्यताहरूबाट निर्देशित छ । पश्चिमा देशहरू खासमा संयुक्त राज्य अमेरिका र युरोप आर्थिक हैसियतमा शक्तिशाली बन्दै जाँदा इतिहासमा आफू अनुकूल व्याख्या मात्रै गरेनन् कि आफ्नो राजनीतिक परिधिलाई बढोत्तरी गर्दै लगे। सामरिक शक्ति एवम् विज्ञान र प्रविधि प्रवर्द्धनमा पनि उनीहरू शक्तिशाली थिए । त्यसै कारणले तिनीहरूले विकासका ज्ञान सिलसिलाबद्ध रूपमा अभियोजन गरे अनि केही विशेष दृष्टिकोण र रणनीतिहरूलाई प्रयोग गर्न तस्रो संसारलाई निर्देशित गरे, मानौँ कि विकास कुनै हवाईजहाजमा कार्गो जस्तै बनेर विकसित मूलुकबाट गरिबहरूको झुपडीमा जावोस्। वास्तवमा सन् १९५० को दशकको प्रारम्भ देखि नै विकास अर्थशास्त्रले धेरै चर्चा पायो । यसले मूलप्रवाह विकास डिस्कोर्सको जन्म दिन पुग्यो । नागरिकको व्यक्तिगत आम्दानी र देशको कुल उत्पादनलाई विकासको सूचांकको रूपमा लियो । मूलप्रवाही विकासले विकासशील वा अविकसित मूलुकलाई समाजको आत्मगत वर्गीकरण गर्दै (जुन आफैँमा भ्रामक छ) विकास गर्नका लागि पश्चिमा विज्ञान र प्रविधिको वैज्ञानिक प्रयोग हुनुपर्छ भन्ने कुरा दाबी गऱ्यो । वास्तवमा मूलप्रवाही विकास डिस्कोर्सलाई निम्न बमोजिम सुचीकृत गर्न सकिन्छ।

१) माथि (केन्द्र) देखि तल (स्थानीय) अर्थात Top to Bottom मोडलमा आधारित

२) ज्ञानको विश्वब्यापीकरण र आधुनिक प्रविधिमा निर्भर

३) तर्क र नाफामा आधारित

४) प्रभुत्वले निर्देशित शक्ति र सुन्दरतामा आधारित

५) समावेशीताको नारा तर इलाइटहरूको स्वार्थ पोषण

६) बजार पहिलोकर्ता हो भने राज्य दोस्रो भन्ने मान्यतमा आधारित

७) पुँजीवाद, लोकतन्त्र, निर्वाचन, मानवअधिकार आदिलाई राजनीतिक अस्त्रका रूपमा प्रयोग

## आधुनिकीकरण सिद्धान्त

आधुनिकता भनेको पश्चिमीकरणलाई अपनाउनु हो । बजारको सम्बन्ध, शहरीकरण, सानो परिवार, व्यक्तिवाद र प्रजातान्त्रिककरणले विकासलाई विकाशील देशहरूमा प्रवर्द्धन र बढवा दिन्छ। आधुनिकतालाई विभिन्न तवरले बुझिने गरिन्छ तर यो ऐतिहासिकरूपले पुनर्जागरणकालसँग हुर्किदै आएको थियो र हाल यो प्राविधिक–औद्योगिक युगको एक परिचायक बन्न पुगेको छ। वास्तवमा आधुनिकता भनेको पश्चिमीकरण, इशाईकरण, बजारीकरण र अमेरिकीकरणको एक समग्र अभिव्यक्ति हो भनेर बुझ्दा बढी वैज्ञानिक हुन्छ तर यसको माकुरी जाल त्यति स्पष्ट छैन र छिटो–छिटो रूप बदलिरहने खालको देखिन्छ।

कैयन् कमजोरीहरूका बावजुत आधुनिकीकरणको स्कुलले पहिलो पटक विकासका समस्याहरूलाई सम्बोधन गर्न अविकसित देशरूका मुद्धाहरूलाई हेरेको देखिन्छ । रोस्टो, मार्शल आदि विद्वानहरूले आधुनिकीकरणलाई विकासको एक अपरिहार्य र पूर्वसर्त मानेका छन् जबकी विद्वान हेवरमासले त यसलाई कहिल्यै नसिद्धिने परियोजना (परिबन्ध) भनेर किटानी गर्दछन्। धेरैजसो परिभाषाहरूले आधुनिकीकरणको अर्थ–राजनैतिक आयामलाई उठाउन सकेका छैनन्, केवल धर्मनिरपेक्षता, व्यक्तिवाद, उपभोगवाद आदि लाई समाबेश गर्दछन्। १९ औं शताब्दीमा आधुनिकीकरणको अवधारणा समाजशास्त्रीहरूले सैद्धान्तीकृत गरेका थिए जबकी दर्शनको क्षेत्रमा यो पुरानो कुरा थिएन । कार्ल मार्क्सले पनि यसलाई इतिहासको व्याख्या गर्ने क्रममा समेटेका छन् । परन्तु उनले समाज विज्ञानको जुन पहिले गरेका थिए त्यो वर्तमानको जस्तो निम्न पुँजीवादी वा बुर्जुवा चिन्तन थिएन। समाजशास्त्रमा आधुनिकीकरणको सिद्धान्तको उत्पत्तिमा दुर्खिम र वेबरजस्ता विद्धवानहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यद्यपि उत्तर–संरचनावादीहरू, उत्तर–आधुनिकवादीहरू र नव–मार्क्सवादीहरूले आधुनिकीकरणको बारेमा धेरै आलोचना गरेका छन्।

## उदारवाद र नवउदारवाद

उदारवाद र नवउदारवादहरूलाई आधुनिकीकरणको मूल्य मान्यतामा बढेर मूलप्रवाही विकास डिस्कोर्समा पुनरागमन गरिएको छ । दुवै दृष्टिकोणहरू राजनीति र अर्थतन्त्रको केन्द्रमा आधारित छन् । राजनीतिक रूपले भन्नुपर्दा उदारवाद जोन लक, थोमस हब्स, जिन ज्याक रूसो, र मन्टेस्क्यु जस्ता चिन्तकहरूसँग जोडिएको छ। सुरूका वर्षहरूमा सामाजिक करारवादीहरू नै यस सिद्धान्तका हिमायती देखिन्छन्। जसले शासक र शासितबिचको एक प्रकारको सम्झौताबाट नै आधुनिक समाज र राज्य बनेको हो भन्ने मान्यता राख्दथे । करारवाद अर्थात सामाजिक सम्झौताको सिद्धान्त वास्तवमा राज्य उत्पत्तिको दैबी सिद्धान्तको खण्डिकरण थियो । राज्य ईश्वरले, उसको चाहना वा इच्छाको प्रतिनिधि पात्र वा राजा कसैले बनाएको होइन, यो त एक सम्झौताको उपज हो। यसले व्यक्तिको स्वतन्त्र, नीजी सम्पत्ति र समान अधिकारहरूमा जोड दिने गर्दछ। त्यो स्वतन्त्रता कसका लागि र समान अधिकार किन भन्ने प्रश्नमा उदारवाद बिल्कुल गोलमटोल देखिन्छ । शास्त्रीय उदारवाद खासमा Adam Smith, John Stuart Mill र अन्य अर्थशास्त्रीय चिन्तकहरूलाई इंगित गर्छ । यसले स्वतन्त्र बजारको महत्व, स्वतन्त्र नागरिकत्व, र खुला बजार नीतिलाई जोड दिँदै कम हस्त्क्षेपको सरकार र राज्यलाई महत्त्वपूर्ण ठान्दछ। वास्तवमा पुँजीवादी अस्त्रको रूपमा यसले आधुनिकीकरण प्रक्रियामा ठूलो योगदान गरेको छ।

सन् १९३८ देखि नवउदारबाद शब्द प्रयोगमा आएता पनि यसको शाब्दिक अर्थलाई विभिन्न विद्वानहरूले १९७० र १९८० को दशकमा आर्थिक स्वतन्त्रता र खुला बजार नीतिको धारणाको आधारमा १९औं शताब्दीको विचारलाई पून:उत्थान गर्दै धेरै सान्दर्भिक बनाए। सैद्धान्तिक रूपमा नवउदारवादीहरूले बृहत आर्थिक स्वतन्त्रताका नीति जस्तै निजीकरण, आर्थिक मितव्ययिता, डिरेगुलेशन, स्वतन्त्र व्यापार, र अर्थतन्त्रमा बजारको प्रवर्द्धनलाई जोड दिन्छन्। तर उदारवादको राजनीतिक आयामबाट अलि बढी आर्थिक केन्द्रवाद तिर ढल्केको छ, जहाँ बजारलाई सावधानीपूर्वक

राज्य सञ्चालनको जिम्मेवारी दिनुपर्छ भन्ने मान्यता देखिन्छ। १९८० को दशकको लोक कल्याणकारी राज्यको अवधारणा यही सैद्धान्तिक कलेवरमा भएको हो । हाल नवउदारवाद राज्य र बजारको नाफामूलक सम्बन्धमा खेल्न चाहने सरकारी तथा गैर–सरकारी संस्थाहरू र दाताहरूको लागि एउटा बलियो रणनीति बनेको छ । यद्यपि नव उदारवादी अवधारणालाई उत्तर विकासका चिन्तकहरू र नव मार्क्सवादीहरूले धेरै नै आलोचना गरेका छन्। यसको उत्पत्ति र मूल चरित्रमा यो पुँजीवादी व्यवस्था देखिन्छ । जसरी चार्ल्स डार्विनको जीव विज्ञानले सक्षम नै बाच्न सक्ने अर्थात Survival of The Fittest मा जोड दिएको छ, त्यसरी नै नवउदारवादले समाज विज्ञानमा धनी र आधुनिक नै बाच्न सक्ने, न कि गरिब र निरिहहरू अर्थात Survival of the Richest and Not of the Poorest को अवधारणा र अभ्यासलाई बढावा दिने गर्दछ।

त्यसैगरी नवउदारवादले विकासका उपलब्धिहरूलाई गरिबी न्यून हुनु र स्वतन्त्रतामा विस्तार हुनु भनेर रोमान्चित गर्दछ। एकप्रकारले भन्ने हो भने नवउदारवाद पर्यावरणीय विनाशमा पनि निमग्न सुतिरहेको बादशाह झैँ प्रतीत हुन्छ र यसले वर्तमान विश्व व्यवस्थालाई प्रश्न गर्दैन वा मौन समर्थन गरिरहन्छ। ७० को दशकमा नयाँ अर्थव्यवस्था (न्यु डिल) धराशायी भएपछि त्यही जगमा निर्विकल्परूपले नवउदारवादी अर्थव्यवस्था उठेको थियो। ग्यारी गर्स्टलको गत वर्ष प्रकाशित The Rise and Fall of the Neoliberal Order (२०२२) किताब नवउदारवादको यो आरोह अवरोहको जीवन्त चित्रण हो।

**वैकल्पिक विकासको डिस्कोर्स**

वैकल्पिक विकासको डिस्कोर्स सन् १९७० को दशक देखि आरम्भ भएको देखिन्छ जतिबेला आधुनिकतावाद र परनिर्भरतावादको टकराव उत्कर्षमा थियो। आलोचकहरू ठुला वाद (ism) वा परम्पराबाट मुक्त हुन चाहन्थे जसले विकासका कथित ठुला सिद्धान्तहरूलाई व्यवहारिक रूपमा निकम्मा बनाई सकेका थिए। यो अलिकति अराजकतावाद, अलिकति उत्तरआधुनिकतावाद र थोरै विनिर्माणवादबाट पनि प्रभावित छ। रोचक त के छ भने केही नव–मार्क्सवादी र केही वामपन्थी क्रिटिकल उदारवादीहरूले नै यसको पैरवी गरेका छन्।

वास्तवमा सन्१९९२ मा फ्रान्सिस फुकुयामाले लेखेको चर्चित पुस्तक The End of History and the Last Man भन्ने पुस्तकमा दावी गरिए झैँ के इतिहासको अन्त्य भएको हो त भन्ने प्रश्नबाट वैकल्पिक दर्शनको बीजारोपण भएको हो। यो पुस्तकले सोभियत कम्युनिष्ट सत्ताको विघटनलाई महानतम दिग्विजय मान्दछ, जसबाट अमेरिकी प्रजातन्त्र र पश्चिमा उदारवाद निर्विकल्प बन्न पुग्यो। के संसारमा कुनै पनि समाज, घटना, सभ्यता वा विज्ञान नै निर्विकल्प हुन्छन् त ? स्वयम भौतिक र अध्यात्मिक विज्ञानको दर्शनले यस कुरालाई मान्दैनन् । तसर्थ वैकल्पिक विकासको दर्शनले विकासको अन्त्य त होइन बरू असङ्ख्य बहुलतामा विश्व प्रवेश गरेको कुरालाई यसले इङ्गित गर्दछ। जसरी इतिहासको अन्त्य असम्भव छैन, त्यसरी नै विकासको अन्त्य असम्भव छ। यद्यपि विकासमा मूलधारका सिद्धान्त र अभ्यासहरू अब निष्प्रभावी र मृतप्राय भैसके भन्ने आलोचनात्मक चेत वैकल्पिक विकासवादमा रहेको छ।

त्यसो भए विकल्प के हो? सतहमा हेर्दा विकल्पवादले प्रकार्यवाद, आधुनिकतावाद र द्वन्द्ववाद (मार्क्सवाद सहित) सबैको विकल्पको खोजी गर्दछ। तर यो चुकेको कहाँ देखिन्छ कि यसले अन्ततः विकासको मूलधारमा केही सामान्य हेरफेर मात्र चाहन्छ र पुँजीवादी उत्पादन प्रणालीलाई मलजल गरेर थोरै वितरणमुखी (जो पहिला थिएन) र समन्वयमुखी (जो पहिला राज्य वा बजार दुईमध्ये एकमा जोड दिन्थ्यो) बनाउन चाहेको देखिन्छ। विकल्पवादीहरूको तर्क–विश्व तथा कथित ठुला र भव्य समाधानहरूले ग्रसित र थकित छ (Max Neef, 1991, pp. 110)। जो आफैँमा उत्तर–आधुनिकतावाद दर्शन सामिप्य छ। यसप्रकार विकल्पवाद क्रमशः अर्को विकासवाद अर्थात Another Development को अवधारणामा अन्तरघुलित हुँदै गयो, जो रूप र सार दुबै रूपले १९९० को दशकको अन्त्यसम्म आइपुग्दा एक नयाँ तर शक्तिहीन अस्त्र बनी सकेको थियो।

माथि भनिएझैँ वैकल्पिक विकासको अवधारणा खासगरी मूलधारको विकासको अभ्यासको आलोचना र परम्पराको विकल्पको रूपमा आएको देखिन्छ। खासगरी विकासशील देशहरूका मुख्य समस्याहरू जस्तै सामाजिक कुरीतिहरू, प्रविधिको उच्च तथा एकदमै न्युनतम प्रयोग, परनिर्भरता र पर्यावरणीय ह्रास आदिको बारेमा वैकल्पिक र आलोचनात्मक दृष्टिकोण राख्दछ। सन् १९८० को अन्त्य देखि नै यसले सहभागितामूलक विकास, जनता–केन्द्रित विकास, उचित प्रविधियुक्त विकास, सामाजिक विकास आदि जस्ता विकासवादी धारणाहरूको संवर्द्धनमा योगदान गरेको देखिन्छ।

हुन त प्रसिद्ध विद्वान Autouro Escobar (1995-2001) ले विकासका विकल्पहरू अर्थात Alternatives of Development र वैकल्पिक विकास अर्थात Development Alternatives बिच हुने भिन्नताको चर्चा गरेका छन। तसर्थ यो सम्पूर्णतामा नयाँ क्रान्ति भन्दा पनि प्रचलित विकासको भाष्यलाई स्थानीयकरण गर्ने अभियान हो । वैकल्पिक विकासले एकत्ववादको सिद्धान्ततः विरोध गर्दछ तर सँग–सँगै द्वन्द्ववादलाई स्वीकार गर्ने साहस पनि गर्न सक्दैन। तर यो बहुलवादमा अडेको छ र अमेरिकी तथा युरोपेली विकास भन्दा भिन्न वा पर अर्को पनि विकासको रूप छ भनी उद्घोष गर्दछ। त्यसो भनिरहँदा यसले प्रकृति, संस्कृति र समाजमा विविधता छ, जसको गर्भमै विकासको मौलिकता र स्थायित्व लुकेका हुन्छन् भन्ने तर्क गर्दछ। यद्यपि, Pieterse (2010) मान्दछन् कि वैकल्पिक विकास खासमा कुनै बलियो अवधारणा होइन, जति बलियो विकास वा उत्तर–विकासका अरू अवधारणाहरू छन् । एक अवधारणाका रूपमा वैकल्पिक विकासवादका विशेषताहरू निम्न छन् (हेर्नुहोस Geiser, 2014; Cooke & Kotharu, 2001; Simon, 1997):

१) यसले मूलधारको अर्थात् शासकीय विकास वा डिस्कोर्सको विरोध गर्दछ।

२) यसले आधुनिकतावादको विरोधमा भन्दा पनि यसको स्थानीय स्तरमा सामन्जस्यतामा जोड दिन्छ।

३) यो मूलधारको विकास भन्दा बाहिरी कक्षमा परिभ्रमण गर्दछ, तर यसको गुरूत्व सन्निहित छ।

४) यसले मानव जातिलाई विकासको एक सक्रिय र मौलिक तत्व मान्दछ।

५) यसले विकासका प्रचलित अभ्यास वा परियोजनाहरू (जस्तै सहभागिता र सुशासन् आदि) को प्रक्रिया वा उद्देश्यमासमेत नयाँ विकल्पहरूको खोजी गर्दछ, तर क्रान्तिलाई अस्वीकार गर्दछ।

माथि उल्लिखित विशेषताहरूलाई थप अध्ययन गर्दा के देखिन्छ भने वैकल्पिक विकासको अवधारणा त्रिकोणात्मक रूपले सङगठित छः

१) **कर्ता (Agent)**: मानव जाति आफैँमा कर्ता र भोक्ता

२) **विधिहरू (Methods)**: सहभागितामूलक, प्रविधि–मैत्री, विकेन्द्रित, जन–परिचालित र अनुमोदित

२) **विकासका मूल्यहरू (Values of development):** सर्व–जनित भलाई, मानव अधिकार, मुक्ति र रूपान्तरण, विकासमा मानविकीकरण (Humanization of Development) आदि

## आलोचनात्मक विकास डिस्कोर्स

आलोचनात्मक विकास डिस्कोर्सले विकास वा त्यसका परिघटनाहरूमा धैरैजसो तर्क, कारण र परिणाम खोज्ने गर्छ। त्यसैस्वरूप, आलोचनात्मक सिद्धान्त भनेको वैचारिक स्कुल हो जसले सामाजिक विज्ञान र मानविकी ज्ञानहरूको प्रयोग गर्दै समाज र सस्कृतिको परावर्तित मूल्याङ्कन र आलोचनामाथि जोड दिन्छ । समाजशास्त्र र राजनैतिक दर्शनमा आलोचनात्मक सिद्धान्तलाई फ्रेङ्फर्ट स्कुलको नव मार्क्सवादी दर्शन हो भनेर व्याख्या गरिएको छ । सन् १९३० को दशकमा फ्रेङ्फर्ट स्कुल जर्मनीमा विकास भई सन् १९७० को दशक सम्म प्रमुख बन्यो । तर यसले सुरूका दशकहरूमा विकास सिद्धान्त वा अध्ययनमा आलोचनात्मक दृष्ट्रिकोण खासै राख्न सकेन। वास्तवमा आलोचनात्मक धार फ्रेंक्फोर्ट स्कुल र नव मार्कसवादसंगको सम्मिश्रणबाट उत्तरवर्ती थियो । यद्यपि, धैरै भनाईहरू संरचनागत प्रश्नहरूबाट प्रभावित छन् जुन कुरा आलोचनात्मक विद्वानहरूले पहिले नै उठाएका थिए। ती प्रश्नहरूले असमान विकास, वर्तमान उत्पादन र वितरण प्रणाली, पहिचान, राजनीति र विकासका औचित्य आदिलाई समावेश गर्छन। लगत्तै यो डिस्कोर्समा सबार्लटन र प्रभुत्वका अवधारणा जोडिएको हो (हेर्नुहोस् Gramsci, 2009; Guha and Spivak, 2004)। विकास डिस्कोर्सले निम्न मुख्य आलोचनात्मक अवधारणहरूलाई समावेश गरेको छ।

## विकासको परनिर्भता सिद्धान्त

वैचारिक तवरले परानिर्भताको सिद्धान्त आलोचनात्मक विकास डिस्कोर्ससँग सम्बन्धित छ। पउल ब्यारन, ए.जी. फ्रेन्क, समीर अमिन, टि.डि. सान्तोष जस्ता विद्वानहरूले परानिर्भताको सिद्धान्त (१९६०) लाई विकास र व्याख्या गरे। परानिर्भताको सिद्धान्तलाई औपचारिक रूपमा ल्याटिन अमेरिकाका लागि संयुक्तत राष्ट्रसंघ आर्थिक आयोगले (United Nations Economic Commission for Latin America) आगाडि सार्यो। यो विकासमा आधुनिकीकरण अवधारणको आमूल आलोचना हो । यो मार्क्सवादी विचारमा आधारित छ अनि यसले केही नव मार्क्सवादी

सत्ता मीमांसासँगै मान्यताहरू पनि राखेको छ। परनिर्भताको सिद्धान्तको मूल भनाइ भनेको आधुनिकीकरणले परनिर्भतालाई जन्म दियो अनि विकासशील देशहरूमा अविकास, असमानता जस्ता सवालहरूलाई आमन्त्रण गर्यो भन्ने हो।

परनिर्भरता सिद्धान्तका विचारकहरूले वकालत गर्छन कि विकासका स्रोतहरू गरिब र अवकसित देशहरूका सेरेफेरोबाट विकासित र धनी देशहरू केन्द्रमा जाने गर्छ जसले पछि व्यापार, मिडिया, राजनीति, शिक्षा आदिको रूपमा त्यही अविकसित अनि गरिब देशहरूको खर्चमा वृद्धि गर्छन र उनीहरूलाई स्रोत–विहीन र बेखर्ची बनाइ दिन्छन्। यसप्रकार परनिर्भरताको सिद्धान्तको केन्द्रीय भनाई भनेको यो हो कि गरिब राज्यहरूलाई आति गरिब बनाइन्छन् अनि धनीहरू त्यही परानिर्भर सम्बन्धले अझै धनी बनाइन्छन्। त्यसैकारणले यो सिद्धान्त समाजवादी मान्यताहरूले निर्देशित छ जसले केन्द्र र सेरोफेरोबिचको सम्बन्धलाई तोडिनु पर्छ भन्नेमा जोड दिन्छ। खुला बजार अर्थशास्त्री तथा अन्य उदारवादीहरूले परनिभर्ताको सिद्धान्तलाई आलोचना गरेका छन्। यसलाई पुँजीवादको विरोधका नाममा लादिएको राजनैतिक प्रतिकृयावाद, निराशावादी सोच अनि लफ्फाजी भनेर आलोचना गर्ने गरेको पाइन्छ। यस सिद्धान्तले आर्थिक वृद्धिलाई विकासको कारक तत्व मान्दैन फेरी तत्कालै वृद्धिको वैकल्पिक मुक्ति दिन असमर्थ पनि हुन्छ।

## विश्व प्रणाली सिद्धान्त

प्रणाली सिद्धान्त (System Theory) अहिलेको समाजशास्त्र र राजनीतिक शास्त्रमा चल्तीको सैद्धान्तिक विमर्श हो। यसको प्रयोग दर्शन र विज्ञानमा उत्तिकै हुने गरेको छ। कुनै पनि वस्तु वा घटनाको अंश पनि हुन्छ र त्यसको समष्टिमा यो उत्तिकै महत्वपूर्ण छ भन्ने तर्क गर्दछ। विश्व प्रणाली सिद्धान्त विकास अध्ययनमा आएको अर्थ–राजनीतिक आख्यान हो। यो सिद्धान्त एउटा बहुविधा दृष्टिकोणको रूपमा उत्पत्ति भएको पाइन्छ। विश्व प्रणाली सिद्धान्तको वैचारिक धार नव मार्कसवादी विचारमा आधारित छ। त्यसैगरी यो परनिर्भताको सिद्धान्तबाट पनि प्रभावित भएको छ। सन् १९७० दशकको सुरूवातमा इमानुअल वालरस्टेनले एकदमै स्पष्ट रूपले यो विश्व प्रणालीको रूपमा छ र त्यो बिल्कुल असमान सम्बन्धमा आधारित छ भन्ने निष्कर्ष निकाले। उनले एकिन गरेका छन् कि १६ औँ शताब्दी देखि इतिहासको लामो यात्राबाट पुँजीवादी विश्व अर्थतन्त्रको उदय भएको हो (c. १५५०–१६४०)। उनको भनाई अनुसार सामन्तवादको दीर्घ र लामो सङ्गत (१२९०–१४५०) बाट अनि चुलिदै गएको संकटले गर्दा पुँजीवादको उदय आकस्मिक घटनाको रूपमा भएको हो। पश्चिमा वा युरोपियन देशहरू यसको फाइदाहरूलाई उपयोग गरे र धेरै देशहरूमाथि कब्जा जमाए। डच, ब्रिटिश, फ्रेन्च, पोर्तुगिज जस्ता ठुला साम्राज्यवादी उपनिवेशहरूले कुनै बेला विश्वकै दुइ–तिहाई भन्दा बढी भूभाग कब्जा गरेको थियो। अधिपत्य मात्र नभई ती देशहरूमा अर्थ–राजनीतिक नेतृत्व गर्दै पुँजीवादी अर्थतन्त्र र स्रोतको दोहन र औद्योगिकीकरणलाई विस्तार गरे। यसले अप्रत्यक्ष रूपमा असमान विकासलाई बढाव दिँदै गयो (Wallerstein, 2004)।

मार्क्सपछि सम्भवतः Wallerstein ले जस्तो यति धेरै व्यवस्थित रूपमा अरू सिद्धान्तकारहरूले विश्व व्यवस्थाको बारेमा व्याख्या गरेका छैनन्। यद्यपि उनी एक क्रान्तिकारी मार्क्सवादी हुन वा होइनन् भन्ने कुराको बहस गर्न सकिन्छ। पक्कै पनि मार्क्सले देखेको विश्व र वालरस्टेनले देखेको विश्व फरक थियो तर इतिहासको लगभग समान थियो। विश्व व्यवस्था निर्माण हुँदा वर्गसङ्घर्ष र क्रान्ति भन्दा पनि स्रोतको असमान वितरणका कारण विभिन्न देशहरूमा उत्पन्न सङ्कट र त्यसले पुँजीवादसँग गरेको आत्मसमपर्ण प्रमुख कारक थियो भन्ने कुरा मार्कसवादी सिद्धान्तमा एक नयाँ आयाम थियो। अर्कातिर मार्क्सवादमा खासगरी सोभियत संघको विघटन र शीत युद्धको अन्त्यपछि आएको संकटलाई पुनरूत्थान हुने गरी अर्को कुनै वैचारिकी विकसित नहुनु दुर्भाग्यपूर्ण भन्न सकिन्छ। विकासको दार्शनिक हिसाबले यहाँनीर निम्न कुराहरू महत्वपूर्ण देखिन्छन्:

१) के अब विकास र परिवर्तनको लागि निर्णायक तत्वहरू बदलिन लागेका हुन्? उत्तर मार्क्सवादी सिद्धान्तअनुसार आधार र उपरी संरचनाको रेखाङ्कन बदलिएको हो? आधार पराधीन बन्दै गइरहेको हो?

२) के मार्क्सले भने जस्तै वर्गको शुद्धता अहिलेको विश्वमा नरहेको हो? वर्गहरूको निर्माण र वर्ग सङ्घर्षमा देखिएको अलमलले विकासलाई सही दिशा निर्देश गर्न सक्छ कि सक्दैनन्?

३) अब के अल्थसरले भने जस्तै दमनकारी राज्ययन्त्र (Repressive State Appraratus–RSA) र वैचारिक राज्ययन्त्र (Ideological State Apparatus–ISA)

मा अब के क्रान्ति र मुक्ति सम्भव नै छैन त ? यसमा विकासको नियति के हुने हो? सारमा यो प्रतिक्रियात्मक र इलिट–सेन्ट्रीक नै हुने हो भने यसका कारण र प्रभावहरू के कस्ता हुने देखिन्छन्?

४) के अब क्रान्तिको लागि तम्तयार र वस्तुगत रूपले परिपक्क अवस्था छैन जसले विकासलाई दासत्वबाट मुक्तिको दर्शन बनाउन सकोस् ग्राम्सीले भने जस्तै सहमति र बलपूर्वक (Hegemony with Conset and Coercion) गरिने शासनले यो कुरा सम्भव छ त ?

## चेवोस सिद्धान्त र विकासको ताओ

चेवोस सिद्धान्त भनेको विकास साहित्यमा हालसालै थप गरिएको एक दृष्टिकोण हो। यो धेरै सार्नदभिक देखिन्छ। यो अर्थमा कि परम्परागत विकासका सौँचाईमा एक–रेखीयता (Linearity) र एक–केन्द्रवाद (Singularity) समस्याको रूपमा देखिन्छन्। एक प्रकारले यो गणितीय विश्लेषण हो। समकालीन समाजहरूमा यो सार्वजनिक नीति विश्लेषणमा र आधुनिक मूल्य प्रणालीमा धेरै राम्रो विकल्प हुन सक्छ। यद्यपि चेवोस सिद्धान्तलाई यसको प्राकृतिक वा भौतिक विज्ञानबाट समाजिक विज्ञानमा रूपान्तरण गर्दा केही विरोधाभासहरू थिए। विकासको प्रतिफलमा यान्त्रिकता, यादृच्छिकता, अनुपस्थिती, अप्रत्यासित नियतिहरू रहन पुगे, जसलाई चेवोस सिद्धान्त निर्माणमा केही योगदान गरेका छन् (Werndl, 2009)। यस दृष्टिकोणले हेर्दा विकासमा घटनाहरू अप्रत्यासित जस्ता लाग्छन् तर विसङ्गतिपूर्ण रूपले सङ्गतिमा रहेका अर्थात पूर्वनिर्धारित र नियतिजन्य हुन्छन् भन्ने भाष्य यसबाट निकाल्न सकिन्छ। एउटा प्रचलित उदाहरण यो छ कि ब्राजिलमा पखेटा फटफटाइ रहने पुतलीले टेक्सासमा आँधी ल्याउन सक्छ। एक ठाउँको गरिबी र अर्को ठाउँको सम्वृद्धि, एक देशको विकास र अर्को देशको अविकास यस्तै कुनै विरोधाभास बन्न सक्छ। यद्यपि, चेवोस सिद्धान्त षडयन्त्रको सिद्धान्तजस्तै सन्देहास्पद छ। विकासका दार्शनिकहरूले यसको व्यवस्थित व्याख्या गर्न बाँकी नै देखिन्छ। अर्कातिर बौद्ध दर्शनको हेतु सिद्धान्त, अनित्यताको सिद्धान्त र प्रत्युत समुत्पाद (Theory of Independent Origination) को सिद्धान्तजस्तो वैज्ञानिक चिन्तन प्रणाली चेवोस थ्योरीमा आउन सकेको देखिँदैन।

अप्रत्यासित्तालाई पछ्याउँदै 'Tao of Development' केही वर्ष यता विकास डिस्कोर्सको रूपमा नवीन धारणा बन्दैछ। यसको वैचारिक प्रस्थान बिन्दु अमेरिकी भौतिकवादी वैज्ञानिक Fritjof Capra द्वारा सन् १९७५ मा लिखित Tao of Physics भन्ने पुस्तकलाई जान्छ। प्राचीन चिनियाँ दर्शन ताओवादले संसारिक जीवन/घटनामा यिन र यांग भन्ने दुई तत्वहरूको द्वन्द्व, एकत्व र अन्तरनिर्भरताको कुरा गर्दछ। यसको पृष्ठभूमिमा Tao of Physics ले सैद्धान्तिक भौतिकवाद र पूर्वीय दर्शन बिचको संयोजन अनि रहस्यवादलाई जनाउँछ। यसैगरी Tao of Development विकास भनेको अकारण हुने घटना वा विज्ञान वा विश्लेषणमात्र होइन बरू यो त अंश–अंशको व्यष्टि र समष्टि पनि हो भन्ने कुरा तर्क गर्दछ। यसले विकासमा अकार्यता र निषेधिता बीचको अन्तरसम्बन्धलाई इंगित गर्दछ र नयाँ नयाँ विकल्पको खोजी गर्दछ। यद्यपि नेपालमा यसको विमर्श एकदमै कमजोर देखिन्छ।

## उत्तर विकासवादी डिस्कोर्स

उत्तर विकास डिस्कोर्स भनेको दुवै मूलप्रवाही र वैकल्पिक विकासका अभ्यासहरूको आलोचना हो। यो परम्परागत विकासका नाम भए गरिएका तथाकथित प्राप्ति, प्रगति र विकासको प्रचण्ड आलोचना हो। Arturo Escobar, Gustavo Esteva, Majid Rahnema, Wolfgang Sachs, James Feguson, Serge Latouche र Gilbert Rist जस्ता विद्वानहरू उत्तर विकास सिद्धान्तलाई सन् १९८० र १९९० को दशकमा विकास गरे। उत्तर विकास डिस्कोर्सका नेतृत्व गरेका विचारकहरूले वकालत गर्छन कि गरिब देश र समुदायका लागि विकास सँधै अन्यायपूर्ण र काम नगर्ने हुन्छ। यसलाई विकास विरोधी भन्ने पनि गरिन्छ। विकास भनेको पश्चिमा र उत्तरमा (Western World and Global North) रहेका विकसित देशहरूको विशेष गरी दक्षिणमा रहेका देशहरूमा लादिएको प्रभुत्वको परावर्तित रूप हो। यो डिस्कोर्स असफल विकासको आमूल प्रतिक्रियाको रूपमा उदय भयो जसले अचाक्ली तवरले आधारभूत संकटलाई चुनौती दिन्छ।

उत्तर विकासको मूल उद्देश्य भनेको समयसीमा नाघेको, केही हदसम्म मरितुल्य भएको, अनिश्चित र खतरनाक देखिने विकासका परिणाम र रूपहरूको स्तर मिलाउनु हो। केही सन्दर्भमा यो उत्तर आधुनिकतावादी डिस्कोर्स जस्तो पनि देखिन्छ तर यो वैचारिक रूपमा आशावादी र प्रियतावादी छ। आधुनिक विकासको चिन्तनमा जनहित, सहभागिता, स्थानीयता आदि जस्ता कुराहरू कति हदसम्म समेटिन सकेका छन्, त्यसको खोजी गर्दै जाँदा कतिपय उत्तर–आधुनिक विचारकहरू निरस, संवेदना र पलायनवादी लाग्दछन्। यद्पी विधाका रूपमा यो जति व्यापक छ, उति नै भेदहरू यसमा देखिन्छन् जसमा

रोला बार्थ, ज्याक डेरिडा, मिसेल फुको र पाल द म्यानको विशेष योगदान र हेबरमास, जेम्सन् आदि विद्धानहरूको विशेष आलोचना रहेको देखिन्छ।

प्राथमिकरूपमा यसले विकासमा नयाँ भाष्य ल्याएको छ, जसले विकसित देश भनिने र विकाशील देश भनाइने बिचको संकट र घृणालाई बाहिर ल्याउने प्रस्ताव गर्दछ, यद्यपि मूल प्रवाह र शक्तिलाई तोडने खासै सङ्घर्ष गर्न सक्दैन । अन्ततः उत्तरवर्ति विकास अवधारणाले पश्चिमा विकासका भनाईहरूलाई बढी महत्व दिन पुग्दछ । जुन तेस्रो विश्वका गरिब मानिसहरू तथा त्यहाँका सँस्कृतिहरूका लागि विपत्तिजनक हुन्छन् (Escobar, 1992, 1995, 2001) । फेरि पनि Sacs (2010) लाई उद्धृत गर्दाः

विकासको मूल कथानक बौद्धिक परिदृश्यमा विनास जस्तै उभिन्छ । भ्रम, निराशा, असफलता र अपराधहरू विकासका स्थिर साथीहरू हुन अनि तिनीहरूले त्यस्तैखालको कहानी भन्ने गर्छन, यिनीहरूले काम गर्दैनन। अझ पूर्ववर्ती प्रतिष्ठामा गणना गरिएका ऐतिहासिक अवस्थाहरू अब लोप भैसकेका छन्, त्यसैले विकास पुरातन बनेको छ – पृ.१)।

उत्तर विकासका बिचारकहरूले विकासका अर्थ र परिभाषालाई अस्विकार गर्दै यसलाई चित्रण गर्नेक्रममा पौराणिक लफ्फाजी भने। यसकारण विकास विनासकारी र विध्वंशकारी हो भने उत्तर विकासलाई मूलप्रवाही विकास र वैकल्पिक विकासहरूले उब्जाएका असन्तुष्टिहरूको नतिजाको रूपमा हेरिन्छ । यो भनेको दयालु तवरले फकाउने तरिकामात्र हो, सत्यता त धेरै फरक र दुखदायी छ। त्यसैले उत्तर विकास विकासको विरोध हो, विकास भन्दा परको कुरा हो र त्यो विकासका द्बिधाको आमूल प्रतिक्रिया हो (Pieterse, 2010, उद्धृत ११०)। वास्तवमा दुईवटा कारणहरूले गर्दा उत्तर विकासका लेखकहरूले विकासलाई अस्विकार गर्छन। पहिलो, तिनीहरूले वकालत गर्छन कि सबै विकासहरूले सुधारका सम्भावनाहरूलाई जस्तै स्वास्थ्य, शिक्षा र भौतिक भलाइहरूलाई बञ्चित गर्छ वा अस्वीकार गर्छ। दोस्रो, यसले विकासका एकै प्रकारको अभ्यासलाई स्थापित गर्नुलाई अस्वीकार गर्छन् । अर्थात केन्द्रीयता भंग गर्न चाहन्छ । उत्तर विकास डिस्कोर्सका मुख्य प्रवर्तक स्कोबारले उत्तर विकासलाई बुझ्न निम्न बमोजिमका विशेषताहरूलाई प्रस्तुत गरेका छन्:

१) यसले विकासको लागि विकल्पहरू खोज्छ न कि विकासको विकल्प,

२) शास्त्रीय विकासका प्याराडैमलाई आधारभूतरूपमा अस्वीकार गर्छ (जस्तो कि आधुनिकीकरण, विश्वव्यापीकरण,उदारवाद, मार्क्सवाद, पश्चिमाकरण आदि),

यसले स्थानीय सँस्कृति र ज्ञानमा जोड दिन्छ, र तल्लो तहको बहुलवादी आन्दोलनका लागि ऐक्यवद्धतालाई महत्व दिन्छ।

एक प्रकारले भन्ने हो भने उत्तर विकास औपनिवेशिक र उत्तर–औपनिवेशिक आलोचकहरूबाट प्रभावित छ । यसले औपनिवेशिक डिस्कोर्ससँग जरा गाडेको पाइन्छ जसले विकासलाई आधुनिकताको रूपमा बुझ्दछ, तर यसलाई आदिम र पतन भैसकेको भनि चित्रण पनि गर्दछ। यद्यपि, उत्तर विकास पनि आलोचनाबाट अलग छैन। उत्तर विकासले स्थापित भइसकेको विकासका अभ्यासहरूको आलोचना गरेता पनि यसले विश्वव्यापीकरणको बारेमा एक आयामीय विचारमात्र प्रस्तुत गरेको छ। यसले स्वतः र परम्परागत विकासको बारेमा बोलेको पाइन्छ । तर विकासशील देश जहाँ चेतनाको स्तर नै कम रहेको ठाउँमा कसरी स्वतः विकासको उदय हुन सक्छ र ? भएमा पनि त्यो इलाइटहरूको खटनपटनमा आश्रित हुने गर्दछ। त्यसैले यो डिस्कोर्स आफैँमा भ्रमित जस्तो छ। तत्व मीमांसाका दृष्टिकोणले भन्नु पर्दा सम्पूर्ण विकासहरूलाई अस्वीकार गर्नु भनेको भौतिक प्रगाति र रूपान्तरणहरूका सम्भाब्यताको अस्वीकार गर्नु पनि हो। त्यसर्थ उत्तर विकासका विचारहरू निराशावादी र अराजकतावादी छन् । आश्चर्य के छ भने उत्तरवादी विकास सिद्धान्तकारहरूले यसलाई प्रति–विकासवादी (Anti Development) अवधारणा हो भन्ने कुरा समेत अस्वीकार गर्दछन् । खासमा यसले मूर्त रूपान्तरणहरू, जीवनका अवसरहरू र भौतिक भलाई आदिलाई अस्वीकार गर्छ । अझ आलोचनात्मक रूपमा भन्ने हो भने उत्तर विकासले नव उदारवादी विचारलाई नै बढावा दिएको पाइन्छ जसले विकासका टप डाउन मोडेल र केन्द्रीय दृष्टिकोणलाई अस्वीकार गर्दै स्थानीय स्रोत र साधनहरूबाट विकासलाई प्रवर्द्धन गरिनुपर्नेमा जोड दिन्छ। नेपालमा पनि उपभोक्ता समितिको माध्यमबाट योजनाबद्ध तरिकाले पूर्वी व्यवस्थापनको अवधारणालाई अवलम्बन गर्दै विकास गर्ने प्रक्रिया प्रारम्भ भइसकेको छ (Mishra, 2022; Mishra, A.K. 2020).

## निष्कर्ष

एक्काइसौँ शताब्दी विश्वव्यापीकरण तथा सामाजिक आन्दोलनहरूको युग जस्तो देखिन्छ। उत्तरवर्ती विकासको सौन्दर्यकरण र परम्परागत पुँजीवादी नवउदारवादको हेजेमोनिक विद्रुपीकरण दुबै यस युगका विशेषता हुने कुरामा शङ्का छैन । कुनै विशेष सन्दर्भमा विशेष सवालहरू महत्वपूर्ण र प्रमुख हुन सक्छन् जसले व्यापार, वित्त, प्रभुत्व, संस्थाहरू, असमानता, आतङ्कवाद, पर्यावरण परिवर्तन, प्राकृतिक विपत्ति र अन्तराष्ट्रिय विकासका सहयोग जस्ता विषयलाई समावेश गर्दछ। वास्तवमा नयाँ विकास युगको सुरूवातलाई निकट भविष्यमा एक बहुल र बहुआयामको रूपमा अस्वीकार गर्न सकिदैंन। राजनैतिक आन्दोलनहरू पनि विकास, विचार र एजेन्डहरूसँगै रूपान्तरण वा समायोजन हुँदैछन् । यसै सन्दर्भमा विकासका अध्ययनका विधाहरू जस्तो लैङ्गिकता, लोकतन्त्र, शुशासन, सशक्तिकरण, संस्कृति, सञ्चार, विकास आलोचना, समावेशी तथा राज्य र समाजको सम्बन्ध आदि धेरै नै महत्वपूर्ण छन् । यसको लागि विकासको भाष्य यो वा त्यो प्रकारले बृहत संरचनाबाट कर्ताभिमुखीकरण वा संस्थाहरूमा, आधुनिकताबाट उत्तर–आधुनिकतामा, मार्क्सवादबाट नव/उत्तर–मार्क्सवादमा, संरचनावादबाट निर्माणवादमा, नियतत्ववादबाट परतत्व व्याख्यामा र एकरूपत्वबाट फरकत्वमा रूपान्तरण हुँदै पुनः उत्तरवर्ती विकल्प खोतल्नु पर्दछ।

विकास भनेको सापेक्ष र मूलय बोकेको अवधारण हो जसले प्राथमिक रूपमा राम्रो आर्थिक क्षमता हुनु र सबै मानिसहरूको भलाई होस् भन्ने कुरालाई मान्यता राख्दछ। विकासको उदय भए देखि नै यो विवाद कायम (Contested Notion) छ। यस सन्दर्भमा 'ज्ञान हासेर मर्दछ, रोइ विज्ञान' जस्तो विकासको भाष्य कुनै बेला अविकासको दुष्चक्रबाट अपहरित हुन पनि सक्दछ र त्यसको लागि ठूलो वैचारिकी उथलपुथलको पनि जरूरी हुने देखिन्छ । वास्तवमा विकासको अर्थ र परिभाषा मात्र होइन यसका सिद्धान्त र अभ्यासमा पनि एक प्रकारको वैश्विक मतान्तर छ। त्यस्तैगरी आधुनिक युगमा कस्तो किसिमको विकास दृष्टिकोण र रणनीति उपयुक्त हुन्छ जसले मानिसहरूको गुणस्तरीय जीवनलाई सुनिश्चित र सशक्तीकरण गरोस् भन्ने सम्बन्धमा थुप्रै खालका वहस र चिन्तनहरू कायम छन् । यसप्रकार विकास दार्शनिक रूपले नै एक विवादास्पद भाष्य र रहस्यमय सिकाइको अर्थ–राजनैतिक मुद्दा बनेको छ। यसलाई 'वृन्दे वृन्दे तत्तवचिन्तानुवादः' र 'वादे वादे जायते तत्तवबोधः' भन्ने मान्यताबाट अझ सशक्त बनाउन जरूरी देखिन्छ।

## सन्दर्भ सामाग्रीहरू


Atkinson, G., Dietz, S. and E. Neumayer (2009). *Handbook of Sustainable Development*. Edward Elgar Publishing.

Bebbington, A. (2010). Social movements and poverty in developing countries. *Background paper for RISD's Poverty Report*. University of Manchester.

Bernstein, H. (2006). Studying development/ development studies. *African Studies,* 65(1), 45-62.

Blewitt, J. (2015). *Understanding Sustainable Development.* London: Routledge.

Browne, E. & Millington, K. A. (2015). *Social development and human development: Topic guide.* Birmingham / Oxford.

Colander, D. (2000). The Death of Neo Classical Economics. *Journal of the History of Economic Thoughs*, Vol. 22 No.2 , 128 - 143.

Cooke, B. and Kothari, U. (eds). (2001). Participation: *The new tyranny.* Zed Publications.

Curry, G. N. (2003). Moving Beyond Postdevelopment: Facilitating Indigenous Alternatives for 'Development'. *Economic Geography* Vol.79 No. 4 , 405 - 423.

Elliott, A. (ed.). (2009). *The Routledge Companion to Social Theory*. London: Rutledge.

Escobar, A. (1992). Imagining a Post-Development Era. Critical Thought. *Development and Social Movements. Social Text,* No. 31/32, Third World and Post-colonial Issues, pp. 20-56. http://www.jstor.org/stable/466217

Escobar, A. (1995). *Encountering Development: The Making and Unmaking of the Third World.* Princeton University Press.

Escobar, A. (2001). Beyond the search for a paradigm. Post development and beyond. *Development*, 43/4.

Fukuyama, F. (2013). “The ‘End of History’ 20 Years Later”, *New Perspectives Quarterly,* 30(4), 31-39

Geiser, U. (2014). Conceptualizing ‘Contested Development’ – from Grand Narratives to the Nitty-gritty of the Everyday. In Sharma, S. R, Upreti, B. R., Manandhar, P.,Sapkota, M. (eds). *Contested Development in Nepal: Experiences and Reflections* (Pp. 1-25). School of Arts, Kathmandu University and Nepal Centre for Contemporary Research (NCCR).

Gramsci, A. (2009). Hegemony, intellectuals and the state. *Cultural theory and popular culture: A reader,* 2, 210-16.

Guha, R. and Spivak, G. (2004). *Selected subaltern studies.* Oxford University Press.

James, P. (1997). Post-Dependency: The third world in an era of globalism and late capitalism. *Alternatives: Social Transformation and Human Governance* 22 (2): 205–206.

Latouche, C. (1993). *In the wake of affluent society: An exploration of post development.* Zed

Manandhar, P. (2011). *Contested Rural Development in Nepal.* [20111]. NCCR North-South Dialogue, 32.

Martin, K. (1990). *Modern Development Theory.* Macmillan.

Max –Neef, M.A (1991). *Human scale development*. Apex Press.

Mishra, A. K., (2022). A Reference Book on Comparative Assessment from the Eastern Approach. https://doi.org/10.5281/zenodo.7113124

Mishra A. K. (2020). Project management: theory and practice from different countries. Projectmanagement: theory and practice from different countries. Tamilnadu: DK InternationalResearch Foundation. 2020. http://doi.org/10.5281/zenodo.4817542.

Pieterse, J. N. (2010, 2nd edition). *Develoment Theory* . Sage Publications India Pvt. Ltd.

Sachs, J. D. (2015). T*he Age of Sustainable Development*. Columbia University Press. ISBN 9780231173155.

Sachs, W. (2010). *The Development Dictionary: A guide to knowledge as power*. Zed Books Ltd. UK.

Sapkota, M. (2022). Going beyond the Material-Welling: A Buddhist Perspective of Development. *Nepalese Journal of Development and Rural Studies*, 19(01), 14-26.

Sapkota, M. and Manadhar, P. (2014). Ethnic Movement and Contested Rural Development: A critical Reflection from Nepal. *International Journal of Agriculture and Applied Science* Vol. 6 No. 1, 1 - 8.

Scoones, I. (2009). Livelihood’s perspective and rural development. *The Journal of Peasant Studies. Institute of Development Studies* (IDS), University of Sussex, Vol. 36, (1), 171-196.

Sen, A. (1999). Development as Freedom. Anchor.

Sharma, S. R., Upreti, B. R., Manandhar, P., & Sapkota, M. (eds.) (2014). *Contested Development in Nepal: Experiences and Reflections*. Kathmandu: School of Arts, Kathmandu University and Nepal Centre for Contemporary Research (NCCR).

Simon, D. (1997). Development Reconsidered: New Direction in Development thinking. *Geografiska Annaler. Series B. Huaman Geography*, vol. 79, No.4 , 183 - 201.

Tvedt, T. (1998). *Angels of mercy or development diplomats. NGOs and foreign aid*. James Currey and Africa World Press.

Ul Haq, M. (1995). *Reflections on human development*. Oxford University Press.

Wallerstein, I. (2004). World-systems Analysis. In *World System History*, ed. George Modelski, in Encyclopedia of Life Support Systems (EOLSS), Developed under the Auspices of the UNESCO, Eolss Publishers, Oxford, UK

Werndl, C. (2009). "What are the New Implications of Chaos for Unpredictability." *The British Journal for the Philosophy of Science*. 60 (1): 195–220. arXiv:1310.1576. doi:10.1093/bjps/axn053. S2CID 354849.